बैठक संख्याः २३।२०८२

बैठक मितिः २०८२।१२।५ गते, समयः दिनको २:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।१२।५ गते, विहिवार दिनको २:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जयराम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| आमन्त्रित एवं सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री कविता बस्नेत | लेखा अधिकृत | | |

बैठक संख्याः २३।२०८२

बैठक मितिः २०८२।१२।५ गते, समयः दिनको २:०० वजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| ३ | श्री लोकेश चन्द्र पैकरा | इन्जिनियर सातौं | | |
| ४ | श्री किशोर कुमार यादव | इन्जिनियर छैठौं | | |
| ५ | श्री रण वहादुर मगर | अधिकृत छैठौं | | |

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. प्रस्ताव नं. २ : नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्वन्धमा ।

३. प्रस्ताव नं. ३ : नदीजन्य पदार्थको अवैध उत्खनन रोकथाम सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

सप्तकोशी नगरपालिकाको अघिल्लो नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

सप्तकोशी नगरपालिकाको नगर क्षेत्रको गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि मिति २०८२।१०।२० गते विद्युतीय बोलपत्र मार्फत् ठेक्का आह्वान गरिएकोमा सोका लागि कुनै पनि बोलपत्र पेश नभएको र नदीजन्य पदार्थको उत्खनन, संकलन गर्न सकिने समय छोटो भएकोले राजश्व परामर्श समितिको मिति २०८२।१२।४ गतेको सिफारिस अनुरुप तपसिलको कार्ययोजना वमोजिम गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि निम्नानुसारको दुई प्याकेजमा न्यूनतम ठेक अङ्क कायम गरी विद्युतीय माध्यमबाट दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो।

**तपसिल**

**नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणको ठेक्का व्यवस्थापनको कार्य योजना**

| सि.नं. | निर्णय मिति | दरभाउपत्र आह्वानको सूचना प्रकाशन | दरभाउपत्र खोल्ने मिति | मूल्याङ्कन अवधि | दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन | दरभाउपत्र सम्झौताका लागि पत्राचार | सम्झौता | नदीजन्य पदार्थ उत्खनन/संकलन अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | २०८२ चैत्र ५ | २०८२ चैत्र ८ | २०८२ चैत्र २३ | २०८२ चैत्र २३-२५ | २०८२ चैत्र २६ | २०८३ वैशाख ३ | २०८३ वैशाख ९ | ५३ दिन |

बैठक संख्याः २३।२०८२

बैठक मितिः २०८२।१२।५ गते, समयः दिनको २:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणको परिमाण

| क्र.सं. | प्याकेजको नाम | खोलाको नाम | स्वीकृत परिमाण (घ.मि.) | वार्षिक नदीजन्य पदार्थ उत्खनन/ संकलन अवधि | दैनिक उत्खनन/संकलन गर्न सकिने परिमाण | नदीजन्य पदार्थ उत्खनन/ संकलन अवधि | उत्खनन/संकलन गर्न सकिने परिमाण | जम्मा उत्खनन/संकलन गर्न सकिने परिमाण |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्याकेज नं. १।आ.खो.।०८२।८३ | गंगाजली | ३२५०० | २७० दिन | १२०.४ घ.मि. | ५३ दिन | ६३८१.२ घ.मि. | ८५०१.२ घ.मि. |
| | | अमाहा टेङ्ग्राहा | १०८०० | | ४० घ.मि. | | २१२० घ.मि. | |
| २ | प्याकेज नं. २।आ.खो.।०८२।८३ | मलेठ | ४३००० | | १५९.३ घ.मि. | | ८४४२.९ घ.मि. | ८४४२.९ घ.मि. |

नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणको ठेक्का व्यवस्थापनको न्यूनतम ठेक अंक कायम

| क्र.सं. | प्याकेजको नाम | खोलाको नाम | उत्खनन/संकलन गर्न सकिने परिमाण | स्वीकृत दर रू. (मू.अ.कर बाहेक | न्यूनतम ठेक अङ्क रू. (मू.अ.कर बाहेक) | जम्मा न्यूनतम ठेक अङ्क रू. (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | प्याकेज नं. १।आ.खो.।०८२।८३ | गंगाजली | ६३८१.२ घ.मि. | प्रति घ.मि. २०० | १२,७६,२४० | १७,००,२४० |
| | | अमाहा टेङ्ग्राहा | २१२० घ.मि. | | ४,२४,००० | |
| २ | प्याकेज नं. २।आ.खो.।०८२।८३ | मलेठ | ८४४२.९ घ.मि. | | १६,८८,५८० | १६,८८,५८० |

निर्णय नं. ३

सप्तकोशी नगरपालिकाको नगर क्षेत्रको गंगाजली, मलेठ र अमाहा टेङ्ग्राहा खोलाको नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरण प्रयोजनका लागि मिति २०८२।१०।२० गते विधुतीय बोलपत्र मार्फत् ठेक्का आह्वान गरिएकोमा कुनै पनि बोलपत्र पेश नभएको र ठेक्का व्यवस्थापन गर्न समय लाग्ने भएकोमा हाल उक्त खोलाहरुवाट अवैध रुपमा नदीजन्य पदार्थको उत्खनन भई रहेको भन्ने जनगुनासो समेत आई रहेकोले सुरक्षा निकायहरुसंग समेत आवश्यक समन्वय गरी उल्लिखित खोलाहरुवाट अवैध रुपमा हुन सक्ने उत्खनन संकलनको कार्यलाई रोक्ने र त्यस्तो कार्य गर्ने व्यक्तिलाई कारवाहीको दायरामा ल्याउन एवं सडक क्षेत्रमा थुपारिएको नदीजन्य पदार्थको वैधताको सम्वन्धमा अनुगमन गरी कारवाहीको दायरामा ल्याउनको लागि नगर कार्यपालिका सदस्य श्री राजेन्द्र वि.क.को संयोजकत्वमा देहाय वमोजिमका सदस्यहरु रहने

गरी अनुगमन एवं निगरानी समिति गठन गर्ने र उक्त कार्यमा नगर प्रहरीलाई समितिवाट परिचालन गर्ने समेत निर्णय गरियो ।

<u>अनुगमन एवं निगरानी समिति</u>

१. श्री राजेन्द्र वि.क., नगर कार्यपालिका सदस्य- संयोजक

२. सम्वन्धित वडाका वडा अध्यक्षहरुले तोकेको वडा सदस्यहरु – सदस्य

३. श्री रमेश प्रसाद साह, नगर कार्यपालिका सदस्य- सदस्य